नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९   स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३०   अंक ८३   २०७७ साल कात्तिक ९ गते आइतबार (25 Oct. 2020 Sunday)   मूल्य रु. ५/-

**२०७५ साल भदौ १ गते लागू भएको देवानी संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- मासिक बीस हजार रुपैयाँभन्दा बढीमा घर बहालमा दिँदा घर बहालमा लिने दिने व्यक्तिले लिखित सम्झौता गर्नु पर्ने,
- काम लगाउने व्यक्तिले काम गर्ने व्यक्तिलाई कामको अनुपातमा ज्याला दिनु पर्ने,
- पचास हजार रुपैयाँ भन्दा बढी रकम लेनदेन गरी घरसारमा तयार भएको लिखत स्थानीय तहबाट प्रमाणित गराउनु पर्ने,
- धर्मपुत्र धर्मपुत्री राख्दा जिल्ला अदालतबाट प्रमाणीकरण गराउनु पर्ने,
- सार्वजनिक पदाधिकारीले पदीय हैसियतमा नाम र दर्जा खुलाई कुनै लिखतमा हस्ताक्षर गर्नु पर्नेमा सो नगरे पाँचसय रुपैयाँसम्म जरिवाना हुन सक्ने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

**Log on : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : संघीयताको नाममा ... ३ पृष्ठमा : जहाँ महिलालाई मन्दिर ... ३ पृष्ठमा : सरिफलाई पाकिस्तान ...

# सप्तरीका शक्तिपीठहरुमा श्रद्धालुभक्तजनको उपस्थिति न्युन, दशैंमा कोरोना संक्रमण हाबी




**दैनिक समाचारदाता**
**राजविराज, ८ कात्तिक ।**

यस पटकको दशैं कोरोना संक्रमणको महामारीका कारण खल्लो बनेको छ । जसकारण सप्तरीका शक्तिपीठहरुमा पूजा गर्न आउने श्रद्धालुभक्तजनहरुको उपस्थिति न्यून रहेको छ । धार्मिक, साँस्कृतिक र एतिहासिक महत्व बोकेको जिल्लास्थित छिन्नमस्ता, कंकालिनी, राजदेवी र भगवती लगायत आधा दर्जन शक्तिपीठमा नेपाल तथा भारतका हिन्दु धर्मावलम्बीका झण्डै २५ लाखको हाराहारीमा श्रद्धालु आउने गरेका थिए । तर, यस पल्ट त्यस्तो रौनक र उपस्थिति देखिएको छैन् ।

कोरोनाको जोखीमलाई ध्यानमा राख्दै जिल्ला प्रशासन कार्यालयले गत कात्तिक १ गते शनिबार मध्य रातीदेखी आगामी मंसिर ७ गतेसम्मका लागि जिल्लास्थित सबै शक्तिपीठहरुमा निषेधाज्ञा लागु गरेपछि श्रद्धालुभक्तजन आउने संख्यामा भारी गिरावट आएको सम्बद्ध मन्दिर व्यवस्थापन समितिले जनाएको छ ।

दशैंमा भिडभाड लाग्ने र हजारौंको संख्यामा बलिप्रदान हुने यी शक्तिपीठहरुमा यसपल्ट बलिप्रदानमा समेत भारी गिरावट आएको छ । सप्तरीको प्रसिद्ध शक्तिपीठ छिन्नमस्ता भगवती मन्दिरमा विगतको तुलनामा यस पल्ट कोरोनाको जोखिम र स्थानिय प्रशासनले जारि गरेको निषेधाज्ञाका कारण ५० प्रतिशत भक्तजन र तिर्थयात्रु घटेको छिन्नमस्ता भगवती मन्दिरका मूल पुजारी एवं पीठाधिश महाकान्त ठाकुरले बताए ।

दशैंको बेला यो मन्दिरमा स्वदेशी तथा सीमावर्ती भारतीय

*बाँकी अन्तिम पृष्ठमा*

# बलात्कार प्रयासका दुई आरोपित पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, ८ कात्तिक ।**

बलात्कार प्रयास गरेका आरोपमा सप्तरी प्रहरीले दुई जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेहरुमा सप्तरीको महदेवा गाउँपालिका ३ का ५२ वर्षिय र ४८ वर्षिय पुरुष रहेका छन् ।

पक्राउ परेकाहरुले असोज ३० गते बिहान एक्लै रहेकी एक महिलालाई पछाडिबाट समाती बलात्कारको प्रयास गरेको जनाइएको छ । पीडित महिलाको उजुरीको आधारमा उनीहरुलाई पक्राउ गरिएको इलाका प्रहरी कार्यालय कञ्चनरुप सप्तरीका प्रहरी नायब उपरीक्षक नरेशकुमार सिंहले जानकारी दिएका छन् ।

# थप १० जनामा संक्रमण पुष्टि

**दैनिक समाचारदाता**
**राजविराज, ८ कात्तिक ।**

सप्तरीमा थप दुई महिलासहित दश जनामा कोरोना संक्रमण पुष्टि भएको छ ।

जिल्ला स्वास्थ्य कार्यालय सप्तरीका अनुसार जिल्ला प्रशासन कार्यालयमा ५१ जनाको गरिएको स्वाब संकलनको रिपोर्ट मध्ये १० जनाको रिपोर्ट पोजेटिभ आएको छ ।

वडा नम्बर नखुलेको राजविराजका ५२ वर्षीया महिला, ३१ वर्षीय पुरुष, उमेर नखेलेका पुरुष, जिल्ला प्रशासन कार्यालयका ३० वर्षीय पुरुष कर्मचारी, ३९ र ४६ वर्षीय पुरुष प्रहरी, राजविराज २ का ११ वर्षीया महिला, राजविराज ८ का २८ वर्षीय पुरुष, हनुमाननगर कंकालीनी नगरपालिका १ का ४२ वर्षीय पुरुष, र शम्भुनाथ नगरपालिका ८ का ५५ वर्षीय पुरुष शिक्षकमा कोरोना संक्रमण पुष्टि भएको स्वास्थ्य कार्यालय सप्तरीले

*बाँकी अन्तिम पृष्ठमा*




## मंगलमय शुभकामना

हिन्दुहरुको महान चाडपर्व वडा दशैं, शुभ दिपावली तथा छठ पर्वको उपलक्ष्यमा सम्पूर्ण जिल्लावासी, नगरवासी, वडावासी, शेयर सदस्य तथा सम्पूर्ण संस्थासँग आवद्ध शुभचिन्तकहरुमा सुस्वास्थ्य, दिर्घायु तथा उत्तरोत्तर प्रगतिको मंगलमय शुभकामना व्यक्त गर्दछौं ।



**भुपेन्द्र प्रसाद यादव**
**अध्यक्ष, तथा**
**समाज सुधार बचत तथा ऋण सहकारी संस्था लि.**
**राजविराज ९ (हाल ८), परिवार**

## सम्पादकीय ....

# शक्तिपीठहरुमा पुजा गर्नेहरुको कमी

हिन्दुहरुको महान चाड वडा दशैंको अवसरमा यसपालि शक्तिपिठहरुमा श्रद्धालु भक्तजनहरुको संख्यामा निकै कमि आएको छ । मुलुककै प्रसिद्ध शक्तिपिठ छिन्नमस्ताको सखडा मन्दिर, भारदहको कंकालिनी मन्दिर, राजविराजको भगवती मन्दिर, राजदेवी मन्दिर, विष्णुकाली मन्दिर लगायतका अधिकांश मन्दिरहरुमा कोरोना महामारीको त्रासका कारण श्रद्धालु भक्तजनहरुको संख्यामा कमि आएको हो ।

प्रत्येक वर्ष झैं यस वर्ष पनि सप्तरीको भारदहस्थित कंकालिनी मन्दिरमा महामारीका बीच राँगाको बलि प्रदान गर्ने भएको छ । मन्दिरको परम्परा अनुसार यस वर्ष राँगाको बलि प्रदान नगरिए परम्परा विपरीत हुने भन्दै मन्दिर समितिले स्थानिय प्रशासनको स्विकृती लिएर बली प्रदान गर्न लागिएको जनाइएको छ । महामारीका कारण श्रद्धालु भक्तजनहरु पुजापाठका लागि ऐतिहासिक मन्दिरमा आउन नसकेका कारणले पनि यसपालि मठ मन्दिरहरुमा श्रद्धालुहरुको संख्यामा कमि आएको हो ।

तसर्थ कोरोना महामारीबाट बच्न सबैभन्दा पहिला सतर्क रहनु आवश्यक रहेको छ । अनि मात्र धार्मिक गतिविधीलाई अगाडी बढाउनु पर्ने अहिले आवश्यक रहेको छ ।


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।

होमियोप्याथिक रिसर्च इन्स्टिच्युट

डा. सुशील मोहन दास

(बी.एच.एम.एस)

सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार

Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

कन्सलटेन्ट बाल रोग विशेषज्ञ

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती

Dr. Dinesh Upreti

MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141

कन्सलटेन्ट फिजिसियन

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह

Dr. Parasmani Shah

MBBS (BPKIHS), MD (BPKIHS, Dharan)

NMC Reg. No. : 13297

दुखाई विशेषज्ञ

Anaesthesiology & Critical Care Medicine

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569


# संघीयताको नाममा स्वेच्छाचारिता



देवेश झा

यहि मंगलबार प्रदेश ५को नामाकरण र राजधानी तोकिने निर्णय निक्कै चर्चाको विषय बन्यो । उक्त प्रदेश अब संख्याको सट्टा लुम्बिनीको नामले चिनिने छ र यसले स्थायी राजधानी दाङको भालुवाङलाई तोकेको छ । प्रदेश सभामा नेकपाको दुई तिहाइको बहुमत भएपनि यस सम्बन्धी प्रस्तावको प्रस्तुतीकरण र निर्णय प्रक्रिया अत्यन्त रोचक रहेको थियो । जहाँ एकातिर प्रतिपक्षी नेपाली कांग्रेसका सभासदहरुले सदनमा तोडफोड गरे भने अर्को तर्फ सत्तापक्षका मन्त्रीले तिनिहरुलाई घिसारेर सदनबाट निकाल्ने आदेश मर्यादापालकलाई रोष्टममा उभिएर दिएको देखियो । यसबारे तराजुमा तौल जाँच गरेर बढी दोषी छुट्याउने टिप्पणी बाट सामाजिक सञ्जाल रंगिए तर मूल प्रश्न अझै अनुत्तरित छ ।

संघीयतासहितको राज्य व्यवस्थालाई औपचारिकता दिलाउने श्रेय मधेशलाई जान्छ । दोश्रो जनआन्दोलन पछि माओवादी समेतको संसद र सरकार गठन भएपछि पुनः प्रतिगमनको दिशामा अग्रसर हुन बाटो खुलाउने क्रममा ल्याइएको अन्तरिम संविधानसँग असन्तुष्ट परिवर्तनकारी पक्षधरहरूको नेतृत्वमा भएको मधेश आन्दोलनलाई निस्तेज पार्न नेपाली सेना र माओवादी जनसेनाको संयुक्त परिचालन गर्न तत्कालीन माओवादी अध्यक्ष प्रचण्डले प्रस्ताव गरेको कुरा धेरै पुरानो होइन । उक्त घटना वास्तवमा माओवादी राजनीतिमा वैचारिक विचलनको शुरुवातको प्रस्थान विन्दु थियो । जातीय राज्य व्यवस्थाको वकालत गर्दै आएका प्रचण्डले सामुदायिक हितकालागि प्रतिगमन प्रारम्भ गरेका थिए ।

नेपालको दुवै छिमेकी राष्ट्र भारत र चीनको राज्य व्यवस्था प्रान्तीय संरचनामा आधारित छ । त्यसैले एकल केन्द्रिकृत राज्य सञ्चालनको लागि परम्परागत विधिलाई समयानुकूल समायोजन गर्दै जानु पर्ने बाध्यात्मक अवस्थाको सम्भावना रहेको देखेर तत्कालीन पञ्चायती व्यवस्थामा पनि विकास क्षेत्रको अवधारणा प्रवेश गराइएको थियो । राजा वीरेन्द्रको शासनकालमा शुरु गरिएको सो प्रशासनिक संरचनाको मूल कारण दुवै छिमेकी राष्ट्रमा रहेको संघीयताका साथै नेपालको दौत्य सम्वन्ध रहेका मुख्यतः अमेरिका तथा बेलायतको प्रजातान्त्रिक संघीय व्यवस्थासँग तादात्म्य स्थापित गर्दा भविष्यमा आउने सक्ने राजनीतिक समझदारीको विकल्प बन्ने सम्भावनालाई पनि सुरक्षित बनाउने प्रयास थियो ।

यस प्रकारले धनकुटा, हेटौंडा, पोखरा, सुर्खेत र दिपायललाई पाँच विकास क्षेत्रको सदरमुकाम तोक्दै प्रशासनिक संरचना निर्माण भएको थियो । यो एक प्रकारको प्रादेशिक झलक देखाउन बनाइएका उक्त केन्द्रहरुको वास्तविक उद्देश्य अन्य मुलुकलाई भ्रमित तुल्याउनु मात्रै रहेकोले त्यसले परिणाम दिन सकेन । तोकिएका सदरमुकामसम्म जनतालाई जानुपर्ने बाध्यात्मक अवस्था सिर्जना गर्न सामान्यतयाः तीन तहको न्याय सम्पादन गर्ने व्यवस्थामा एक तह थपिएर क्षेत्रीय अदालत बनाइएको थियो । यसैगरी जिल्लास्थित सबैजसो प्रशासनिक कार्यालय र केन्द्रीय निकायकाबीचमा क्षेत्रीय संरचना छिराएर छद्‌म व्यवस्था बनाउने प्रयास पनि गरिएको थियो । तर यी सबै क्षेत्रीय सदरमुकामहरू जनताकालागि सुविधा उपलब्ध गराउने भन्दा पनि थपिएको शोषण केन्द्रमा सीमित भए ।

आजको मितिमा आफ्नै औद्योगिक र व्यापारिक प्रयोजनका कारण हेटौंडा तथा पर्यटकीय दृष्टिकोणले लुप्त हुँदै गएको काठमाडौं उपत्यकाको स्वच्छ वातावरण एवम् रमणियताको विकल्प बनेको पोखरा बाहेक अन्य ठाउँ अपेक्षा अनुरुप विकसित हुन सकेको छैन । पर्याप्त रुपमा आफ्नो आन्तरिक आयश्रोतको अभाव र प्रशासनिक प्रयोजनका लागि बाध्यतावश आउने जनताको भीडभाड कम हुने बितिकै यी सदरमुकामहरू उत्सुकतामा पर्ने अवस्था रहेन । अहिले फेरि यस्तै प्रकारको निर्णयहरू दोहोऱ्याउने प्रयास जारी राखिएको छ । प्रदेश ५को राजधानी बनाउने निर्णयको भविष्य पनि यही हुनेछ ।

राजतन्त्रात्मक कालखण्डदेखि अस्तित्वमा आएको राजधानी बनाउने व्यवस्था वास्तवमा राजाको सुरक्षार्थ घेराबन्दीको उत्पत्तिस्वरुप बनाइएको किलाबन्दी संरचना थियो । राजकीय एवम् प्रशासनिक प्रयोजनका लागि दैनिक रुपमा हुने जनताको आवत-जावत र सुरक्षित बस्न खोजेको व्यापारिक जमातको बसोबास बढेर वर्तमान राजधानीहरु बनेको छ । पछि राजदरबारभन्दा टाढाको बसोबास भएका जनताबाट राजस्व संकलन गर्ने लक्ष्य राखेर अन्य ठाउँहरुमा पनि सदरमुकाम बनाउने काम भयो । नेपालको राजनीतिक एवम् प्रशासनिक संरचना एकल केन्द्रिकृत राज्य व्यवस्थाअनुरुप सञ्चालित रहँदै आएकोमा वर्तमान संविधानको संघीय व्यवस्था अनुसार नयाँ प्रशासनिक केन्द्रहरु स्थापित भएको हो ।

शुरुवातमा राजदरबार र राजस्व संकलन गर्ने महत्वपूर्ण स्थानको रुपमा परिचित रहेको राजधानी कालान्तरमा ठूला व्यावसायिक केन्द्रविन्दु बन्न पुगे । यसका साथै विभिन्न प्रकारको व्यापारिक स्वार्थ पूरा गर्ने अभिप्रायले व्यक्ति एवम् समूहहरु सक्रिय हुँदै गएको देखिन्छ जस मध्ये भूमाफिया एउटा शक्तिशाली सिण्डिकेट बनेर उदाएको छ । सम्भावित महत्वपूर्ण संरचना वा सडकहरुको बारे राज्य र नेतृत्वलाई प्रभावित बनाएर पूर्व जानकारी हासिल गरि सम्बन्धित क्षेत्रमा निवेश मार्फत् अधिकाधिक लाभांश हात पार्ने उद्देश्यले प्रेरित भएर ठूलो चलखेल हुने गरेको देखिन्छ । दाङको भालुवाङ यस्तो प्रवृत्तिको पछिल्लो उदाहरण बन्न पुगेको हो ।

एकपटक राजधानी तोकि सकिएको ठाउँमा त्यसबाट प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा प्रभावित हुने जमातलाई बसाई तथा आवागमनको बाध्यात्मक अवस्था सिर्जना हुन्छ । यसबाट सर्वाधिक लाभ त्यस ठाउँमा पहिलादेखि बसोबास गर्दै आएका स्थानीय बासिन्दाले पाउने गरेको यथार्थ हो । सरकार सञ्चालन गर्ने प्रमुख भूमिकामा रहेकाहरुको स्थायी बसोबास समेत त्यसैमा हुने गरेकोले राज्यको प्रथम प्राथमिकता पाउने उक्त क्षेत्र विकासको दृष्टिकोणले पनि अपेक्षाकृत रुपमा बढी सुविधा सम्पन्न हुने गर्दछ । राष्ट्रिय अन्तर्राष्ट्रिय सञ्जालमा आबद्धता हुने भएकाले प्रत्येक सक्षम व्यक्तिकालागि राजधानीको बसोबास हैसियत देखाउने प्रमाण पत्र पनि हो । शिक्षा, स्वास्थ्य, सञ्चार, यातायात लगायतका सार्वजनिक सरोकार राख्ने जीवनको अभिन्न अङ्ग राजधानीमा सहजतापूर्वक उपलब्ध हुने गरेकोले समकालीन समाजमा यो अनिवार्य आवश्यकता बन्दै गएको छ ।

जनजीवनको यही अनिवार्यतालाई व्यावसायिक लाभको श्रोत बनाउन मुख्यतः भूमाफियाको ठूलो चलखेल हुने गर्दछ । प्राप्त जानकारीअनुसार नवघोषित राजधानी भालुवाङका बासिन्दाहरुसँग अहिलेसम्म औपचारिक कागजातको अभाव छ । तत्काल ब्लकका जग्गा भनेर कानुनीरुपमा परिभाषित हुने यसप्रकारको सम्पत्ति भूमाफियाकालागि एक प्रकारको अवसर पनि हो र यसबारे गरिएको निर्णय पहिलेदेखि थाहा पाएर त्यहाँ ओगोट्न सफल भएकालाई मालामाल हुने मौका पनि हो । राप्ती नदीको किनारामा बसाउन लागिएको यो राजधानी कालान्तरमा काठमाडौं उपत्यका भित्रको सकस जस्तै हुनेछ ।

तत्कालीन मल्ल वंशका राजालाई पराजित गर्दै काठमाडौं विजयी गर्न सफल राजा पृथ्वीनारायण शाहले उपत्यकाको सुरक्षित अवस्था र रमणीय वातावरण देखेर आफ्नो राज्य विस्तार अभियानको राजधानी बनाउने निर्णय गरे । बसोबास बढ्ने क्रमको स्वाभाविकतालाई अस्वीकार गर्दै यहाँका शासकहरूले समय समयमा आफ्नै देशका जनताको राजधानी आउने अधिकारमा प्रतिबन्धात्मक व्यवस्था पनि गर्ने गरेका थिए । तर सुविधा सम्पन्न ठाउँ तथा प्रशासनिक प्रयोजनको बाध्यात्मकताबाट काठमाडौंमा बसाई-सराई जारी रह्यो जुन अद्यपि कायम छ । उपत्यकाको सीमित भौगोलिक बनावट र यसमा बर्षेनी थपिने गरेको बसोबासकर्ताको हिसाबले परिस्थिति जटिलतम बन्दै गएको छ । भौतिक पूर्वाधारको विकास गरेर पनि अपुरो रहने गरेको विवशता काठमाडौंको यथार्थ हो । आउने दिनमा यस्तै प्रकारको कठोर सत्यसँग भालुवाङका बासिन्दाले पनि साक्षात्कार गर्नुपर्ने हुन्छ ।

नेपालमा भएको सबै खाले आन्दोलनको मूल कारण परिवर्तनको चाहना थियो । राणाकालीन पारिवारिक शासन प्रणाली विरुद्ध उठेको जनताले सम्पूर्ण सत्ता शक्ति भएपनि राणा शासनको अन्त्य गरी छाडे । निर्दलीय पञ्चायती व्यवस्थाले जनताको चाहना पुरा गर्न खोजेसम्म सहयोग पाएको थियो तर व्यवस्थाको व्यक्तिगत लाभ लिने प्रयास हुन लाग्दा समग्र संविधान समापनको बाटोमा जान बाध्य भएको थियो । फेरि वर्तमान संविधानले परिवर्तन प्रतिको जनचाहनालाई सम्बोधन गर्ने आशा गरिएको छ तर सामुदायिक वर्चस्वको संरक्षण गर्ने प्रयास स्वरुप संघीयतालाई तिलाञ्जली दिन खोज्ने क्रममा यसलाई विद्रुप बनाउने कोशिश गरिंदै आएको छ । एक्काइसौं शताब्दीमा कोही कसैको मातहत वा खटन पटनमा बस्ने छैनन् । हुन त संघीयताको नाममा केही व्यक्तिहरु स्वेच्छाचारी बनेका छन् तर व्यवस्था रहे व्यक्तिलाई परिष्कृत गर्न सकिन्छ । *(मधेश दर्पण फिचर सेवा)*


**पत्रकार आचारसंहिता, २०७३ (पहिलो संशोधन २०७६) र बालमैत्री सञ्चार निर्देशिकामा भएका व्यवस्थाको पालना गरौं ।।**

**पीडित वा प्रभावित व्यक्तिलाई थप पीडा हुने गरी सूचना सम्प्रेषण नगरौं ।।**

- पत्रकार तथा सञ्चार माध्यमले विपत्ति वा शोकमा परेका, दुःख-पीडा भोगिरहको व्यक्ति वा उनका आफन्तजनमा थप पीडा पुग्ने गरी वा सार्वजनिक संवदेनशीलतामा प्रतिकूल असर पर्ने गरी कुनै पनि विवरण, समाचार, श्रब्यदृश्य, संकेत लगायतका सामग्री उत्पादन, प्रकाशन, प्रसारण र वितरण गर्नु हुँदैन ।
- सञ्चारमाध्यमले यौन अपराध वा सामाजिक विभेद तथा घृणाका कारण उत्पन्न घटना वा मानवता विरोधी अपराधबाट प्रभावित व्यक्ति (Surviver) वा पीडित व्यक्ति (Victim) लाई नकारात्मक असर पार्न सक्ने सामग्री उत्पादन, प्रकाशन, प्रसारण र वितरण गर्नुहुँदैन । त्यस्तो अवस्थामा प्रभावित व्यक्तिको स्वीकृति बिना र प्रभावको मूल्यांकन नगरी प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा प्रभावित वा निजका तर्फबाट उजुरी दिने व्यक्तिको नाम, ठेगाना र पहिचान प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा खुलाउनु हुँदैन ।

नेपाल सरकार

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

सूचना तथा प्रसारण विभाग

# जहाँ महिलालाई मन्दिर प्रवेश निषेध छ

धनुषा, ८ कातिक (रासस)।

जनकपुरमा नवरात्रका प्रारम्भसँगै विभिन्न मठमन्दिर र शक्तिपीठमा विशेष भीड लागे पनि राजदेवी मन्दिरमा भने घटस्थापनादेखि कोजाग्रत पूर्णिमासम्म महिलालाई दर्शन गर्न निषेध गरिने परम्परा कायमै छ।

प्राचीन मिथिलाको राजधानी तथा अहिले प्रदेश नं २ को अस्थायी राजधानी जनकपुरको श्रीराम मन्दिरको उत्तरपट्टी रहेको राजर्षी जनककी कुलदेवी राजदेवी मन्दिरमा घटस्थापनादेखि कोजाग्रत पूर्णिमासम्म महिलालाई दर्शन गर्न निषेध गरिने परम्परा अहिले पनि कायमै छ। सो अवधिमा महिलाका लागि मन्दिरको एक झ्याल खुल्ला गरिएको हुन्छ, त्यही झ्यालबाट पूजाअर्चना गरेर फर्किनुपर्छ।

राजदेवीको मन्दिरमा परापूर्वकालमा पूजा गर्न एक महिला मन्दिरको भित्री भागमा प्रवेश गरेको र उनी बेपत्ता भएको जनविश्वास रहेकाले सो मन्दिरभित्र महिलाको प्रवेशमा रोक लगाइएको मन्दिरका पुजारी राम गिरीको भनाइ छ। त्यस्तै रजस्वला भएका महिला पनि पूजाका लागि आउने गरेकाले पनि मन्दिरमा महिलाको प्रवेशमा रोक लगाइएको हो। तान्त्रिक विधिमा पूजा हुने भएकाले पनि महिलालाई मन्दिरमा प्रवेश गर्न रोक लगाइएको हुनसक्ने केहीको अनुमान छ।

परम्परा छाडेर अहिलेसम्म कुनै पनि महिलाले सो अवधिभर भित्र पस्ने आँट नगरेको स्पष्ट पार्दै महन्थ गिरी भन्नुहुन्छ, “विसं २०२० तिर नरेशानन्द गिरी नामका महन्थले यहाँको बलिप्रथा रोकेर बलि नचढाउँदा उनलाई अनिष्ट भएकाले पछि क्षमापूजा गरी बलि चढाइएको थियो।”

दशैंमा राममन्दिर र जानकी मन्दिरमा पूजाको विधि विधानमा फेर बदल नभए पनि पूजा गर्ने द्वार र महिलाको प्रवेशमा फरक हुने गरेको छ। घटस्थापनादेखि कोजाग्रत पूर्णिमासम्म महिलालाई मन्दिर भित्र प्रवेश निषेध गरिए पनि त्यसपछि उनीहरूका लागि पनि खुला हुने महन्थ गिरीले बताउनुभयो।

घटस्थापनादेखि नवमीसम्म मन्दिरमा महिलाको प्रवेशमा रोक लगाउनुलाई अधिकारकर्मी विनोद रविदास धर्मको नाममा धार्मिक अन्धविश्वासको एउटा पराकाष्ठा मान्छन्। यसको विरोधमा जनकपुरवासीले महिलामाथिको यस्तो विभेद र छुवाछूतको अन्त्य गर्नुपर्ने जोडदार माग गर्दै आएका छन्।

महिला अधिकारकर्मी तथा महिला पुर्नस्थापना केन्द्र धनुषाकी संयोजक रोजलिन बछार भन्नुहुन्छ, “यो कस्तो धर्म संस्कृति! जहाँ शक्ति स्वरूपा महिलाको पूजा हुन्छ, त्यहीँ महिलालाई नै पूजापाठमा बन्देज र दुर्व्यवहार! यस्ता परम्परामा सुधार हुनैपर्छ।”

केही स्थानीयवासीले परापूर्वकालदेखि चल्दै आएको परम्परालाई अनादर गर्नु उचित होइन भन्नुहुन्छ। नगराईन नगरपालिका घोघासका मिथिलेश झा भन्नुहुन्छ, “परम्परा र चलिआएको धार्मिक मान्यतालाई चुनौती दिनुको कुनै अर्थ छैन्।” देवी देवताको पूजा मनको आस्थाले हुन्छ। मन्दिरभित्र नै प्रवेश गरेर मात्र पूजा गर्नैपर्छ भन्ने कुनै आवश्यकता छैन उहाको भनाइ छ।

राजदेवी मन्दिरजस्तै जानकी मन्दिरको गर्भ गृहको मुख्यद्वारसम्म पनि वडा दशैंमा महिलाको प्रवेश निषेध गरिन्छ। जानकी मन्दिरमा महिलाले झुलनोत्सव हुने स्थानबाट मात्र दर्शन र पूजा गर्न पाउँछन्।

# मिथिलाका नारीद्वारा खोइँछ भर्ने विधि सम्पन्न

जनकपुरधाम, ८ कात्तिक (रासस)।

वडा दशैंको अष्टमीका दिन आज मिथिलाका नारीहरूले सौभाग्यवती एवं सन्तानको कामना गर्दै देवी दुर्गा भवानीको खोइँछ (पोल्टा) भर्ने विधि सम्पन्न गरेका छन्। नवरात्र सुरू भएदेखि नै देवी दुर्गाको उपासना गर्दै आएका विवाहित मैथिल महिलाले शक्तिपीठमा दुबो, धान, दुबो, बेसारको गिँड, सिन्दूर, सुपारी, पान र भेटीसहितको पोका देवी दुर्गाको पोल्टामा चढाउँदै परम्परागत खोइँछ भर्ने विधि सम्पन्न गरेका छन्।

त्यस्तै सो विधिका सन्दर्भमा भगवती दुर्गा असोज शुक्ल प्रतिपदाका दिन माइतमा आउने, नौ दिनसम्म माइतमा बस्ने र दशमीका दिन ससुराली जाने गर्दछिन् भनी खोइँछ भर्ने मान्यता रहेको पनि पाइन्छ।

मिथिलाञ्चलको पुरानो परम्परा रहेको यो विधि पूरा गर्न रातिदेखि नै शक्तिपीठ, देवीमन्दिर र देवीको प्रतिमा स्थलमा विवाहित मैथिल महिलाको घुइँचो लागेको थियो। प्राध्यापक डा. पशुपतिनाथ झा खोइँछ भर्ने परम्परा कोखसँग सम्बन्धित भएकाले भगवती दुर्गाको सान्निध्यले आनन्द, सुख, आरोग्य र जन्म धन्य हुने विश्वासले मैथिल महिलाहरू खोइँछ भर्ने गरेको बताउनुहुन्छ। भगवतीको उपासना मातृपूजा भएकाले यसबाट शारीरिक, मानसिक र आमाको शक्ति जागृतिसँग सम्बन्धित रहेको पनि उहाँ स्पष्ट गर्नुहुन्छ।

खोंइछलाई जनभाषामा खोंइछा पनि भनिन्छ। खोंइछ दिनुलाई समृद्धि, परिपूर्णता र भावनात्मक शुभाशीषको प्रतीक मानिन्छ। यसको सम्बन्ध आँचलसँग हुन्छ। आँचल महिलाका लागि सबैभन्दा ठूलो निधि हो। आँचल यस्तो अमूल्य हो जसलाई बाँधिएमा खोंइछ र खोलेमा आँचल हुने गरेको छ। खोंइछमा प्रमुख रूपले प्रदान गरिने धानलाई अन्नपूर्णा देवीको प्रतीक मानिन्छ जसको अभिप्राय अन्नको अभाव कहिल्यै नहुने, दुबोलाई भगवान शिव र विष्णुको प्रतीक मानिन्छ जसको अर्थ ईश्वरको अनुकम्पा सधैं रहिरहने र बेसारलाई बिष्णुको र सिन्दूरलाई सौभाग्यको प्रतीक मानिएको छ।

त्यसो त मिथिलाञ्चलमा महिलाले माइतबाट ससुराली, ससुरालीबाट माइती, एक स्थानबाट अर्को स्थान जाने बेलामा पनि खोइछ भर्ने प्रचलन रहेको पाइन्छ। यो विधि कुल देवता र देवीको मन्दिरमा गरिन्छ। कुल देवता र देवीको मन्दिरमा खोंइछ भर्नुको अर्थ कुल देवता र देवीलाई साक्षी राखी सौभाग्यको आराधना र संकल्प गर्नु हो। खोंइछ भर्ने प्रचलन अनादिकालदेखि आइरहेको मानिन्छ। माता सीता र सावित्रीले पनि खोंइछ भर्ने विधि गरेको जनधारणा पाइन्छ। प्राचीनकालमा छोरीलाई घरबाट विदाइ गर्ने बेलामा आमाले आँचलभर खोंइछ भरी बीदा गरेको र छोरीको घरमा अन्नपूर्णाको वास होस् भनी कामना गरेको प्रसङ्ग पनि जनमानसमा पाइन्छ।

# नवरात्रीको आठौं दिन अष्टमी मनाइयो

**दैनिक समाचारदाता राजविराज, ८ कात्तिक।**

नवरात्राको आठौं दिन अष्टमी तिथीका अनुसार शनिवार दुर्गा भवानीको पूजा आराधना गरी भव्यरुपमा मनाइएको छ। बडादशैंको आठौं दिन महाकाली, महालक्ष्मी र महासरस्वतीको विशेष पूजाआजा गरिएको छ।

स्थानीय प्रशासनले मठ मन्दिरलाई निषेधिज्ञ क्षेत्र घोषणा गरे पनि श्रद्धालुहरुले शनिवार शास्त्र सम्मत रुपमा विभिन्न शक्तिपीठमा पशु बलि दिई दुर्गा भवानीको विशेष पूजाआजा गरिएको छ। विवेकशील र अविवेकशील प्राणी दुवैले मोक्ष प्राप्तिको चाहना गर्ने हुनाले देवमन्दिर र यज्ञयज्ञादिमा विधिपूर्वक बलि दिनाले ती पशुले मोक्ष प्राप्त गरी माथिल्लो योनीमा जन्म लिने कुरा शास्त्रमा वर्णन गरिएको पण्डित दुर्गानन्द झाले बताए।

“सात्विक, राजस र तामस तीन किसिमका पूजाको वर्णन शास्त्रमा गरिएको छ, सात्विक जल, चन्दन, र अक्षतालगायत षोडशोपचारले गरिने पूजा हो, सात्विक र पशुबलिसहितको पूजालाई राजस पूजा भनिन्छ, राजसका साथै मदिरा पनि चढाएर गरिने पूजालाई तामस पूजा भनी शास्त्रमा परिभाषित गरिएकाले पशुबलि पनि शास्त्रीय हो”, पण्डित झाको भनाई छ। आसुरी प्रवृत्तिको नाश गर्न देवीलाई शक्तिशाली बनाई पशुको मुक्तिका लागि पनि पशुबलिको महत्व रहेको पनि बताउँदै दुर्गा सप्तशती चण्डीको आठौं अध्यायमा पनि यससम्बन्धी चर्चा भएकाले पशुबलिलाई अशास्त्रीय भन्न नमिल्ने पण्डित झाले बताए।

आजका दिन सप्तरीका शक्तिपीठहरु छिन्नमस्ता भगवती, कंकालिनी भगवति, राजदेवी मन्दिर, दुर्गा मन्दिर, डाक्नेश्वरी, बंगलामुखी मन्दिरहरुमा पनि बलिसहित पूजाआजा गर्नेहरुको बिहानैदेखि भीड लागेको थियो। पशुबलि नचढाउनेहरुले भने पूजा कोठामा आ-आफ्नो कुल परम्पराअनुसार काँको, घिरौंला, कुभिण्डो, मूला र नरिवल आदि बलि चढाइ पूजाआजा गर्ने गर्दछन्।

# कोरोना संक्रमणबाट एक महिलाको मृत्यु

जनकपुर, ८ कात्तिक (रासस)।

जनकपुरमा शुक्रबार राति कोरोना सङ्क्रमणबाट ६५ वर्षीया एक महिलाको मृत्यु भएको छ। जनकपुर उपमहानगरपालिका-१ बस्ने ति महिलाको प्रादेशिक अस्पताल जनकपुरमा उपचारको क्रममा गएराति मृत्यु भएको प्रदेश स्वास्थ्य निर्देशनालयका निमित निर्देशक विजयकुमार झाले जानकारी गराउनुभएको छ।

एकाएक ज्वरोका साथै श्वास प्रश्वासमा कठिनाइ भएपछि ति महिलाई शुक्रवार बिहान सो प्रादेशिक अस्पतालमा भर्ना गरिएको थियो। उहाँको श्वाबको सोही दिन परीक्षण गर्दा कोरोना पुष्टि भएको थियो। ति महिला उच्च रक्तचाप, मधुमेह र दमरोगबाट पीडित रहेको निमित निर्देशक झाले बताउनुभयो।

## विश्व समाचार

# सरिफलाई पाकिस्तान फिर्ता गर्न बेलायती प्रधानमन्त्रीसँग वार्ता गरिने

इस्लामावाद, ८ कात्तिक (रासस/एएनआई)।

पाकिस्तानी प्रधानमन्त्री इमरान खानले पाकिस्तानको राजनीतिक दल पाकिस्तान मुस्लिम लिग- नवाजका नेता नवाज सरिफलाई स्वदेश फिर्ता गर्ने बारेमा बेलायतका प्रधानमन्त्रीसँग वार्ता गरिने बताउनुभएको छ।

उहाँले पाकिस्तानको एक सञ्चारमाध्यमलाई शुक्रबार दिनुभएको अन्तर्वार्ताको क्रममा सो कुरा बताउनुभएको हो।

उहाँले सो अन्तर्वार्तामा भन्नुभएको छ- नवाजलाई स्वदेश फिर्ता गर्ने विषयमा पाकिस्तानका प्रधानमन्त्री बोरिस जोनसनसँग वार्ता पनि गर्न सकिन्छ, त्यसका लागि हामीले सोचिरहेका पनि छौं।

उहाँले तर नवाज सरिफलाई लन्डनबाट पाकिस्तान फिर्ता गर्ने काम भने निकै बिलम्ब हुनसक्ने बताउनुभएको थियो। त्यस अन्तर्वार्तामा उहाँले भन्नुभएको छ- हुनत यो प्रकिया लामो पनि हुनसक्छ, तर पनि आवश्यक पर्‍यो भने हामी वार्ता गर्नेछौं र हामी बेलायतका सरकारी अधिकारीहरुसँग निरन्तर रुपमा सम्पर्कमा नै रहेका छौं।

पाकिस्तान सरकारले पाकिस्तानका नेता नवाज सरिफलाई पक्राउ गर्ने तयारी गरिरहेको बताएको थियो। तर नेता सरिफ भने हाल लन्डनमा बस्दै आउनुभएको छ।

हामीले आवश्यक परेमा उहाँलाई स्वदेश फर्काउने बारेमा आवश्यक मात्रामा वार्ता गर्ने छौं, आवश्यक पर्‍यो भने म आफैं नै पनि त्यहाँ गएर प्रधानमन्त्री जोनसनसँग वार्ता गर्न सक्छु। तर हालैमात्र बेलायतले भने पाकिस्तानको आन्तरिक राजनीतिमा आफू कुनै पनि प्रकारले संलग्न नहुने बताएको थियो। पाकिस्तानका अधिकारीहरुले यो प्रतिक्रिया दिएको केही दिनभित्र नै पाकिस्तानका प्रधानमन्त्री इमरान खानले भने आफूले बेलायत सरकारसँग वार्ता गर्ने धारणा सार्वजनिक गर्नुभएको हो।

# विश्व स्वास्थ्य संगठनद्धारा आगामी महिना कोभिडको समस्या थप बढ्ने चेतावनी

मस्को, ८ कात्तिक (रासस/सिन्ह्वा)।

विश्व स्वास्थ्य संगठनका महानिर्देशक टेड्रस आधनाम गेब्रेयसले आगामी महिनाहरुमा कोभिड १९को समस्या थप बढ्ने चेतावनी दिनुभएको छ।

उहाँले यो महामारीको नियन्त्रणका लागि ठोस कार्यक्रमहरु ल्याउनका लागि विश्वका देशहरुलाई आग्रह पनि गर्नुभएको बताइएको छ।

महानिर्देशक गेब्रेयसले विश्वमा कोभिड १९ को समस्या हल भइसकेको छैन, बरु कतिपय देशहरुमा अझै बढ्दै गएको छ भन्दै यो समस्या आगामी महिनाहरुमा थप बढ्ने बताउनुभएको हो।

शुक्रबार आयोजना गरिएको एक भर्चुअल बैठकमा सम्बोधन गर्दै उहाँले सो धारणा राख्नुभएको हो। गेब्रेयसले भन्नुभयो- कतिपय नर्दन हेम्सफियरका देशहरुमा यो समस्या अझै बढ्दै गएको छ, ती देशका नागरिकले अहिले पनि निकै समस्या भोगेका छन् र कैयौंको ज्यान पनि गएको छ।

विश्वका कतिपय देशका बढ्दो मात्रामा देखिएको महामारी हेर्दा पनि आगामी दिनहरु थप समस्याग्रस्त हुनसक्ने भन्दै अहिले हामी महामारीको निकै समस्याको अवस्थामा छौं भन्नुभएको छ।

हालैमात्र संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले पनि हाल विश्वमा नै कोरोना भाइरसको महामारीका कारण आर्थिक समस्या उत्पन्न भइरहेको, विश्वका देशहरुले अकल्पनीय रुपमा समस्याहरुको सामना गर्नुपर्ने अवस्था आउन सक्ने बताउनुभएको थियो।

विश्वका देशहरुले सीमा बन्द गरेका कारण नागरिकको एक ठाउँबाट अर्को ठाउँमा आवत जावतमा समेत ठूलो समस्या भइरहेको भन्दै सुरक्षाका मापदण्डहरु अपनाएर यी समस्याको समाधान निकाल्न महासचिव गुटेरेसले आग्रह गर्नुभएको थियो।

महासचिव गुटेरेसले विश्वमा अहिले पनि बढ्दो रुपमा नै देखिएको कोरोना महामारीको समस्याबाट विश्वभर नै आर्थिक मन्दीको अवस्था आउनसक्ने भएकोले त्यस विषयमा सोच्न आग्रह गरेको केही समयपछि यता विश्व स्वास्थ्य संगठनका महानिर्देशकको यो चेतावनी आएको बताइएको छ।

# नयाँदिल्लीको वायु झन झन प्रदुषित

नयाँदिल्ली, ८ कात्तिक (रासस/पिटिआई)।

भारतको केन्द्रीय राजधानी रहेको नयाँदिल्ली शहरको वायु झन झन प्रदुषित हुँदै गएको छ।

शनिबार मापन गरिएको वायु गुणस्तर सूचक (एक्युआई) मा ३४६ देखिएकाले गुणस्तरको अवस्था न्युन हुँदै गएको पाइएको हो।

सरकारी अधिकारीहरुले नयाँदिल्लीमा शनिबारको दिन र बेलुकाको समयमा अरु बेलाभन्दा बढी वायु प्रदुषण हुने गरेको जनाएका छन्।

वायु प्रदुषणको अहिलेको अवस्थामा आगामी दुई दिन अझ बृद्धि हुने अधिकारीहरुको पूर्वानुमान छन्। यसअघि गत शुक्रबार ३६६ र बिहीबार ३०२ एक्युआई मापन गरिएको थियो।

वायु गुणस्तर सूचक शुन्य देखि ५० सम्म हुँदा राम्रो, ५१ देखि १०० सम्म हुँदा सन्तोषजनक, १०१ देखि २०० सम्म हुँदा विचारणीय वा चिन्ताजनक, २०१ देखि ३०० सम्म कमजोर, ३०१ देखि ४०० सम्म अति कमजोर र ४०१ देखि ५०० सम्म अति घातक मानिन्छ।

हरियाना, पन्जाबसहितका अन्य क्षेत्र तथा छिमेकी मुख्य ठाउँहरुमा आगो सम्बन्धी धेरै कामहरु हुने गरेकोले नयाँदिल्लीमा पनि असर गरेको अधिकारीहरुको भनाई छ।

नयाँ दिल्ली विश्वकै धेरै प्रदुषित शहरको रुपमा चिनिदै आएको छ। प्रदुषित वायुका कारण नयाँदिल्लीको मौसम तथा जलवायु चक्रमा समेत समस्या हुने गरेको छ।

# थप एक संक्रमितको मृत्युसँगै मृतकको संख्या २४ पुग्यो

**दैनिक समाचारदाता**
**राजविराज, ८ कात्तिक ।**
सप्तरीको कञ्चनरुप नगरपालिका ८ निवासी कोरोना संक्रमित एक ६५ वर्षीय पुरुषको मृत्यु भएसँगै जिल्लामा कोरोना संक्रमणबाट मृत्यु हुनेको संख्या २४ पुगेको छ ।

पछिल्लो पटक ती पुरुषको विराटनगरस्थित विराट मेडिकल कलेज शिक्षण अस्पतालमा उपचारको क्रममा मृत्यु भएको स्वास्थ्य कार्यालय सप्तरीले जनाएको छ ।

नेपाली कांग्रेसका स्थानीय नेता तथा तत्कालीन कञ्चनपुर गाविसका उपाध्यक्ष रहेका उनलाई ज्वरो आउने र स्वास फेर्न कठिन हुने लक्षण देखिएपछि गत २५ गते अस्पताल भर्ना गरिएको र २६ गते स्वाब संकलन गरी परीक्षण गर्दा २७ गते रिपोर्ट पोजेटिभ आएको थियो ।

# पाँच महिने शिशुसहित दुईको मृत्यु

धरान, ८ कात्तिक (रासस) ।
यहाँको बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा कोरोना संक्रमित पाँच महिनाको शिशुसहित दुई जनाको ज्यान गएको छ । मोरङ, सुन्दर हरैँचाका शिशुको प्रतिष्ठानको कोभिड अस्पतालमा उपचारका क्रममा शुकबार राति मृत्यु भएको हो ।

प्रतिष्ठानका सहप्रवक्ता डा आशिष श्रेष्ठका अनुसार उनलाई शुक्रबार नै संक्रमण पुष्टि भएको थियो । पाँचमहिने छोरीलाई दिमागसम्बन्धी रोगको समस्या भएको थियो । यस्तै शुक्रबार अपराह्न धरान-११ की ५२ वर्षीया एक महिलाको पनि प्रतिष्ठानमै उपचारका क्रममा मृत्यु भएको थियो । उनलाई उच्च रक्तचाप र मधुमेह जस्ता दीर्घ रोग भएको बताइएको छ । उनलाई यही कात्तिक ३ गते कोरोना संक्रमण पुष्टि भई ५ गते प्रतिष्ठानको कोभिड अस्पतालमा भर्ना गरिएको थियो ।

### *सप्तरीका ...*

क्षेत्रका धर्मावलम्बीहरुको घुँइचो लाग्ने गरेकोमा यस पल्ट त्यस्तो नदेखिएको र ५० प्रतिशतले घटेको पीठाधिश ठाकुरको भनाई छ । यस्तै दशैंको अवसरमा विभिन्न शक्तिपीठहरुमा खसी, बोका, राँगा, कुखुरा, हाँस लगायतको १५ हजार भन्दा बढी पशु बली प्रदान हुने गरेकोमा यस पल्ट शनिबारसम्ममा फाटफुट गरि १ सय ५० बली मात्र प्रदान भएको पीठाधीश ठाकुरले सुनाए ।

जिल्लामा शक्तिपीठहरुलाई निषेधित क्षेत्र घोषणा गर्दै नियमित पूजापाठ बाहेकका कार्य रोक्न प्रशासनले पत्राचार गरेपछि पूजा सम्बन्धी आचार सहिता बनाई पूजापाठको व्यवस्था मिलाइएको भगवती मन्दिरका मूल पुजारी दुर्गानन्द मिश्रले बताए ।

कोरोनाको जोखिमका कारण एकातिर भारतसँग जोडिएको सीमानाकाहरु लामो समयदेखी बन्द छन् भने अर्कोतिर कोरोनाको त्रास मनमा कायमै रहेकाले अधिकांश श्रद्धालु घरमै देवीदेवताको पूजाअर्चना गरि दशैं मनाइरहेकोले शक्तिपीठहरुमा विगत जस्तो भिडभाड नदेखिएको राजदेवी मन्दिर व्यवस्थापन समितिका सदस्य राजेश चौधरीले सुनाए ।

श्रद्धा, भक्ति र पूजापाठ गरि दशैं मनाउने चलन रहेपनि यस पल्ट कोरोना कहरले अन्य चाडपर्व झैं दशैंलाई पनि खल्लो बनाएको स्थानिय यूवाहरुको भनाई छ । यद्दपी सावधानी अपनाउन नसके चाडपर्व र साँस्कृतिक गतिविधीबाट संक्रमण फैलिने सक्ने उच्च सम्भावना रहेकाले यतिबेला भिडभाड नगरि घरमै सीमित भएर चाडपर्व मनाउनु नै बुद्धिमानी हुने स्थानिय बुद्धिजिविहरुको सुझाव छ ।

### *थप १० जनामा ...*

जनाएको छ ।

योसँगै सप्तरीमा कुल संक्रमितको संख्या १ हजार ५ सय ६२ पुगेको छ । ती मध्ये एक हजार २ सय ९३ जना निको भएर डिस्चार्ज भएका छन् ।

# सूचना

**हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका ब्यक्तिहरूले सञ्चार क्षेत्रको हवाला दिंदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रूपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ। यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ।**

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**

## मंगलमय शुभकामना

हिन्दुहरुको महान चाड वडा दशैं, शुभ दिपावली तथा छठ पर्वको शुभउपलक्ष्यमा सम्पूर्ण जिल्लावासी, गाउँवासी तथा वडावासीमा सुस्वास्थ्य, दिर्घायु तथा उत्तरोत्तर प्रगतिको मंगलमय शुभकामना व्यक्त गर्दछौं ।



**सतिश कुमार सिंह**
**अध्यक्ष तथा**
**तिलाठी कोइलाडी गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी, परिवार**

## मंगलमय शुभकामना

हिन्दुहरुको महान चाड वडा दशैं, शुभ दिपावली तथा छठ पर्वको शुभउपलक्ष्यमा सम्पूर्ण जिल्लावासी, गाउँवासी तथा वडावासीमा सुस्वास्थ्य, दिर्घायु तथा उत्तरोत्तर प्रगतिको मंगलमय शुभकामना व्यक्त गर्दछौं ।



**हरेराम यादव**
**अध्यक्ष तथा**
**रुपनी गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी, परिवार**

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु →
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६
ipay remit
CITY EXPRESS MONEY TRANSFER
Best Remit Quick & Easy
PRABHU Money Transfer
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर,
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*